# विद्यालय शिक्षामा बहुकक्षा बहुस्तर शिक्षणका लागि कक्षा व्यवस्थापन

**बद्रीप्रसाद फुएल**

उपप्राध्यापक (शिक्षा), महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

Email: badri.phuel@gmail.com

**सारकथन**

यस अध्ययनको उद्देश्य विद्यालय शिक्षामा बहुकक्षा बहुस्तर शिक्षणको परिचय दिँदै यसलाई हाम्रा विद्यालयहरूमा प्रभावकारी रूपमा व्यवस्थापन गर्ने उपायको चर्चा गर्नु रहेको छ । प्रस्तुत लेख उपलब्ध सम्बन्धित साहित्य, अनुसन्धानात्मक प्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित सामग्री, इन्टरनेट जस्ता द्वितीय स्रोत सामग्रीहरू अध्ययन गरी पुस्तकालय विधिद्वारा तयार पारिएको छ । बहुकक्षा बहुस्तर शिक्षण सिकाइ पद्धति शिक्षणका क्षेत्रमा आएको नयाँ अवधारणा हो । भारतको आन्ध्रप्रदेशमा कृष्णमूर्ति फाउन्डेसनले सञ्चालन गरेको ऋषिभ्याली इन्टिच्युट अफ एजुकेसनल रिसोर्सको सहकार्यमा यो पद्धति नेपालमा सुरु भएको थियो । यस पद्धतिलाई अवलम्बन गर्दा सिकारु सक्रिय हुने भएकाले अहिले विश्वमा आएको शिक्षणसिकाइ प्रवृत्तिअनुसार गरेर सिक्ने मान्यतालाई अँगाल्छ ।

यस पद्धतिले बालकेन्द्रित, योजनाबद्ध गरेर सिक्ने एवम् सक्रिय सिकाइ, समस्या समाधान उपागम, सहयोगात्मक, प्रतिबिम्बात्मक, क्रमिक विकास, निर्माणात्मक, समावेशी, संस्कृतिकेन्द्रित, भयरहित एवम् रोचक, निदानात्मक, बहुबौद्धिकताको शिक्षणसिकाइ सिद्धान्तको प्रयोग जस्ता सैद्धान्तिक आधारलाई अँगालेको देखिन्छ । यसलाई कार्यान्वयन गर्ने सिलसिलामा बहुकक्षा बहुस्तर शिक्षणसिकाइ सामग्रीको रूपमा रूजुसूची, सिकाइ सिँढी, कोसे ढुङ्गा, चेकलिस्ट, सिकाइ कार्ड एवम् विद्यार्थी कार्यपुस्तिका आवश्यक हुन्छ । बहुकक्षा बहुस्तर पद्धतिमा कक्षाकोठा व्यवस्थापनअन्तर्गत कक्षाकोठाको छनोट, र्‍याक, टेबुल निर्माण, बसाइ व्यवस्था, किट बक्सको प्रयोग, कालोपाटी व्यवस्थापन, प्रदर्शनी बोर्ड, ह्याङ्गिङको व्यवस्था, सिकाइ अभिलेख व्यवस्थापन पर्दछन् । नेपालमा यो पद्धतिलाई सही रूपमा अँगाल्न सकियो भने यसले सबैका लागि शिक्षा भन्ने सहस्राब्दी लक्ष्य प्राप्त गर्न सहज बनाउने देखिन्छ ।

*मुख्य शब्दावली :* शिक्षण, बहुकक्षा शिक्षण, बहुस्तर शिक्षण, कक्षाकोठा व्यवस्थापन, शिक्षणसिकाइ सामग्री ।

## परिचय

शिक्षा पाउनु हरेक व्यक्तिको नैसर्गिक अधिकार हो (नेपालको संविधान, २०७२) । गुणस्तरयुक्त शिक्षा दिनु राज्यको दायित्व हो । गुणस्तरीय शिक्षाको लागि पर्याप्त स्रोत र साधनको आवश्यकता पर्दछ । २१औँ शताब्दीको सिकाइ सिद्धान्तअनुसार शिक्षण पद्धतिलाई परिष्कृत गर्नु आजको आवश्यकता हो । बदलिँदो परिस्थितिमा शिक्षणसिकाइलाई बढीभन्दा बढी प्रभावकारी बनाउन विश्वमा विभिन्न प्रकारका शिक्षणसिकाइका विधि र प्रविधिहरू प्रयोगमा ल्याइएका छन् । यस्ता नवीनतम् विधि र प्रविधिहरूले विद्यार्थीको सिकाइस्तर, क्षमता र आधुनिक सिकाइ सिद्धान्तअनुसार सहज र सरल सिकाइको वातावरण सिर्जना गरी प्रभावकारी र बालमैत्री सिकाइको वातावरण तयार पार्न मद्दत गर्दछ । कक्षा कोठाभित्रको शिक्षणसिकाइमा वास्तविक रूपमा नै नवीनता ल्याउने खालका विद्यार्थीकेन्द्रित, सीपमूलक, क्रियाकलापमुखी, गरेर सिक्नेअवधारणाको प्रयोग गर्नु समयको आवश्यकता भएको हुँदा विद्यालयको शिक्षणसिकाइमा बहुकक्षा बहुस्तर शिक्षणसिकाइ पद्धति प्रचलनमा आएको छ ।

शिक्षामा विद्यार्थीको पहुँच पुऱ्याउन र शैक्षिक गुणस्तर सुधार गर्नका निम्ति नेपालमा विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । शिक्षक तालीम, विद्यार्थीका लागि सामग्री निर्माणका साथै बालमैत्री विद्यालय जस्ता कार्यक्रमका लागि राज्यका विभिन्न संयन्त्रहरू क्रियाशील छन् । यी विभिन्न प्रयासका बाबजुद पनि अझै प्राथमिक शिक्षामा आशातीत गुणस्तर हासिल हुन नसकिरहेको कुरा विभिन्न अनुसन्धानबाट पुष्टि भएको छ । विद्यालयमा पाठ्यपुस्तकलाई प्रमुख आधार मानेर प्रवचन/व्याख्यान विधिबाट शिक्षणसिकाइ गर्ने परिपाटी भएका कारण बालबालिकाहरू अनुत्तीर्ण हुने, विद्यालय छाड्ने र दोहोऱ्याउने प्रवृत्तिमा अपेक्षाकृत कमी ल्याउन सकिरहेको छैन । अझै पनि २.७ प्रतिशत प्राथमिक विद्यालय उमेरका विद्यार्थीहरू विद्यालय बाहिर छन् (शिक्षा मन्त्रालय, २०७९) ।

नेपालको भौगोलिक विकटताले गर्दा हिमाली र पहाडी भूभागमा पातलो बस्तीका कारण विद्यालयहरूमा विद्यार्थीहरूको सङ्ख्या धेरै कम रहेको अवस्था छ । विद्यार्थीहरूलाई शिक्षाको मूल धारमा ल्याउनका लागि विद्यालय खोल्नुपर्ने आवश्यकताअनुरूप विद्यालय त खुले तर विद्यार्थी सङ्ख्या थोरै भएका कारण राष्ट्रले कक्षाअनुसार दरबन्दी दिन सकिरहेको छैन । विद्यार्थी सङ्ख्या कम भएका कारण विद्यालयहरूबाट भएका दरबन्दी कटौती गर्नुपर्ने आवश्यकता देखिन्छ (शिक्षा मन्त्रालय, २०७३) । विद्यार्थीले गरेर सिक्ने सिद्धान्तमा आधारित यो शिक्षणसिकाइ पद्धतिलाई विभिन्न विकसित मुलुकहरूले पनि अवलम्बन गर्दै आएको पाइन्छ । भारतलगायत इथियोपिया, जर्मनी आदि देशहरूमा पनि बहुकक्षा बहुस्तर शिक्षणसिकाइ पद्धति प्रभावकारी रूपमा प्रयोग हुँदै आइरहेको छ । नेपालका अधिकांश विद्यालयहरूमा धेरै कक्षा र थोरै शिक्षक

भएका कारण पठनपाठनमा देखापरेका समस्याहरूलाई मध्यनजर गर्दै बहुकक्षा बहुस्तर शिक्षणसिकाइ पद्धतिको थालनी गर्न तत्कालीन शिक्षा विभागद्वारा भारतको आन्ध्रप्रदेशको ऋषिभ्याली इन्स्टिच्युट फर एजुकेसनल रिसोर्सेज, कृष्णमूर्ति फाउन्डेसन, आन्ध्रप्रदेश, भारतसँगको सहकार्य र प्राविधिक सहयोगमा सामग्री निर्माण गरी शैक्षिक सत्र २०६६सालमा सिन्धुपाल्चोक जिल्लाको श्री विष्णु आध्यात्मिक संस्कृत प्राथमिक विद्यालय, बाह्रबिसे, सिन्धुपाल्चोकलाई नमुना विद्यालयका रूपमा विकास गरी कार्यानव्यनमा ल्याइएको थियो । यस पद्धतिबाट राम्रो उपलब्धि प्राप्त भएको कुरा विभिन्न अध्ययनले देखाएको छ तर यस विषयमा हाम्रो शिक्षा पद्धतिका कतिपय सरोकारवालाहरूलाई जानकारी नभएको पाइन्छ । अतः यस पद्धतिलाई अवलम्बन गरी सफल हुन सरोकारवालाहरूलाई जानकारीमूलक सहयोग गरोस् भन्ने ध्येयले यो लेख तयार गरिएको छ ।

**उद्देश्य**

यस लेखको उद्देश्यहरू निम्नअनुसार छन्:

१. विद्यालय शिक्षामा उपयोगी बहुकक्षा बहुस्तर शिक्षणको अवधारणा र सैद्धान्तिक आधार स्पष्ट पार्नु,

२. विद्यालयमा प्रभावकारी रूपमा बहुकक्षा बहुस्तर शिक्षणको व्यवस्थापन गर्ने उपायको चर्चा गर्नु ।

**अध्ययन विधि**

प्रस्तुत लेख उपलब्ध सम्बन्धित साहित्य, अनुसन्धानात्मक प्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित सामग्री, इन्टरनेट जस्ता द्वितीयक स्रोत सामग्रीहरूको अध्ययन गरी पुस्तकालयीय अध्ययनबाट तयार पारिएको हो ।

**बहुकक्षा बहुस्तर शिक्षणसिकाइ : अवधारणात्मक स्पष्टता**

बहुकक्षा बहुस्तर शिक्षणसिकाइ भन्नाले दुई वा दुईभन्दा बढी क्षमताका विद्यार्थीहरूलाई एउटै कक्षाकोठामा राखी विद्यार्थीहरूको फरक फरक सिकाइस्तरलाई समेटेर एकैसाथ सिकाइ गर्ने विधि हो । यो कुनै नयाँ विधि नभई वैज्ञानिक तरिकाले परिष्कृत गरिएको पुरानो गुरुकुल शिक्षा पद्धतिको नमुना हो । यो पद्धतिको सुरुवात विद्यालयको भौतिक समस्या, विद्यालयको प्रतिकूल वातावरण, शिक्षकको अभाव, थोरै विद्यार्थी सङ्ख्या जस्ता सङ्कटहरू व्यवस्थापन गर्नका लागि मात्र नभएर यो एक प्रभावकारी शैक्षणिक पद्धति हो । यो पद्धति क्रियाकलापमा आधारित छ । यस पद्धतिले विद्यालयका शिक्षक तथा विद्यार्थीहरूलाई व्यक्तिगत तथा सामूहिक सिकाइमा प्रोत्साहन गर्दछ (सिंह, २०७८) ।

यो विधि परम्परागत शिक्षणसिकाइ पद्धतिभन्दा केही फरक प्रकृतिको छ । बहुकक्षा बहुस्तर शिक्षणसिकाइ विधि पूर्णरूपमा क्रियाकलापमा आधारित विधि हो । यसले हरेक विद्यार्थीलाई हरक्षण सक्रिय बनाई सिकाइ गर्ने अवसर प्रदान गर्दछ (क्षेत्री, २०७५) । यस विधिमा पाठ्यपुस्तकको पूर्ण रूपमा भर नपरी यसलाई सन्दर्भ सामग्रीका रूपमा मात्र प्रयोग गरिन्छ । यसले शिक्षक-विद्यार्थी, विद्यार्थी-विद्यार्थी र विद्यार्थी-

अभिभावकसम्मको सिकाइलाई समेटेको हुन्छ । कक्षाकोठाभित्रको सिकाइ, कक्षाकोठा बाहिरको सिकाइ, क्षेत्र भ्रमण, समुदाय सर्वे, नाटकीकरण जस्ता विभिन्न सिकाइका क्रियाकलापहरूलाई यस विधिले सुनिश्चित गर्दछ । विभिन्न परियोजना कार्य, प्रयोगात्मक कार्य, अवलोकन कार्य, वातावरण सर्वेक्षण, दैनिक अनुसन्धान गर्ने, खोजी गर्ने, प्रदर्शन गर्ने, अनुभव बताउने, घटना बताउने आदि शिक्षणसिकाइ क्रियाकलापलाई यस पद्धतिमा समावेश गरिएको हुन्छ । यस विधिबाट कक्षा सञ्चालन गर्नका लागि कक्षाकोठा व्यवस्थापन, सिकाइ सामग्रीहरू र सिकाइ प्रणालीहरूमा केही फरकपन आवश्यक पर्दछन् (गौर, सन् २०११) ।

हाम्रा विद्यालयका कक्षामा फरक फरक सिकाइ क्षमता र स्तर भएका विद्यार्थीहरू हुन्छन् । यस पद्धतिमा फरक फरक कक्षाका विद्यार्थीहरूको सिकाइ स्तर र क्षमता उस्तै वा फरक पनि हुन सक्छ भन्ने मान्यता राखेर ती सबै प्रकारका विद्यार्थीहरू एकै ठाउँमा बसेर आफ्नो सिकाइ गति र एक अर्काको सहकार्यबाट सिक्न सक्दछन् भन्ने मान्यता राखिएको हुन्छ । त्यसैले यस पद्धतिअनुसार एकभन्दा बढी कक्षा तथा सिकाइमा फरकस्तर भएका विद्यार्थीहरूलाई सँगै राखी सिकाइ गरिन्छ । विद्यार्थीको शिक्षणसिकाइ प्रक्रियामा विद्यार्थीको कक्षा र स्तरअनुसारको सिकाइ सामग्रीको प्रयोग गरी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरिन्छ (श्रेष्ठ समेत, २०७५) । शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्दा यसै अनुकूलका सामग्रीहरूको प्रयोग गरिन्छ । यस पद्धतिअनुसार सिकाइ गर्न र विद्यार्थीहरूको सिकाइ उपलब्धि हासिल गराउन विभिन्न किसिमका बालमैत्री र बालउपयोगी सामग्रीहरू विकास गरिएको हुन्छ । क्रियाकलाप सञ्चालनका लागि रूजुसूची, सिकाइ सिँढी, कोसे ढुङ्गा, समूह थाली, चेकलिस्ट, सिकाइ कार्ड एवम् विद्यार्थी कार्यपुस्तिका जस्ता सिकाइ सामग्रीहरू आवश्यक पर्दछ । पाठ्यक्रमले तोकेका सिकाइ सक्षमता र उपलब्धि हासिल गराउनको लागि विषयवस्तु नछुट्ने गरी कक्षागत तथा विषयगत पाठ्यक्रममा भएका सिकाइ उपलब्धिका आधारमा माइलस्टोन तयार गरिएको हुन्छ । ती माइलस्टोनलाई आधार मानेर सिकाइ सिँढी निर्माण गरिएको हुन्छ । हरेक माइलस्टोनभित्र विभिन्न प्रकारका सिकाइका क्रियाकलापहरू राखिएको हुन्छ, जसलाई विभिन्न सङ्केतद्वारा जनाउन सकिन्छ । सिकाइ सिँढीमा रहेका हरेक माइलस्टोनभित्र सिकाइका ५ चरणहरू परिचयात्मक चरण, अभ्यासात्मक चरण, मूल्याङ्कनात्मक चरण, सुधारात्मक चरण र सबलीकरणात्मक चरणका क्रियाकलापहरूलाई व्यवस्थित गरिएको हुन्छ । सिकाइका यिनै पाँच चरणलाई ध्यानमा राखेर सिकाइ सामग्रीहरू विकास गरिएको हुन्छ (सारङ्गपानी र मेहेन्दले, २०१३) ।

यस पद्धतिमा कक्षाका विद्यार्थीहरूले आफ्नो सिकाइ गतिविधि वा आफ्नो सिकाइ स्तरअनुसार माइलस्टोनमा रहेका प्रत्येक सिकाइसिँढीका क्रियाकलापहरू व्यक्तिगत रूपमा पूरा गर्ने मौका पाउँदछन् । विद्यालयमा विद्यार्थी अनुपस्थित भएको अवस्थामा पनि उनीहरूको सिकाइ क्रियाकलाप छुट्ने डर हुँदैन ।

किनभने ती विद्यार्थी उपस्थित हुँदा सिकाइ क्रियाकलाप जुन सिँढीमा थियो, त्यहीँबाट सो विद्यार्थीको क्रियाकलाप सुरु हुन्छ । यसले गर्दा विद्यार्थीको सिकाइ गतिअनुसार व्यक्तिगत रूपमा सिकाइ हुँदै जान्छ र सबै विद्यार्थीको सिकाइले पूर्णता प्राप्त गर्दछ । यो यस सिकाइ पद्धतिको मुख्य विशेषता हो (राव, २००९) ।

यस सिकाइ पद्धतिमा शिक्षकले विद्यार्थीको व्यक्तिगत कार्यसञ्चयिका तथा दैनिक सिकाइ मूल्याङ्कनका आधारमा माइलस्टोनसँग सम्बन्धित क्रियाकलाप सुरु गराउनुपर्दछ । जब विद्यार्थीहरूले सम्पूर्ण माइलस्टोनका सिकाइ क्रियाकलापहरू पूरा गर्छन् तब मात्र विद्यार्थीलाई कक्षास्तर वृद्धि गरिन्छ । यदि कुनै विद्यार्थीले वर्षको बिचमा नै कुनै विषयको माइलस्टोन पूरा गऱ्यो भने उसलाई वर्षको बिचमा भए पनि सोही विषयमा माथिल्लो कक्षाको सिकाइ सिँढीमा चढाउन सकिन्छ भने वर्षभरिमा सिकाइ सिँढी पूरा भएन भने ती विद्यार्थीहरूलाई सम्पूर्ण माइलस्टोनको सिकाइ पूरा गरेपछि मात्र कक्षास्तर वृद्धि गराउनुपर्दछ । यसले कुनै पनि विद्यार्थी अनुत्तीर्ण हुनुपर्ने, कक्षा दोहोऱ्याउनु पर्ने र सिकाइ कमजोर भएका कारण कक्षा छाड्नुपर्ने अवस्थाको अन्त्य गर्न सहयोग गर्दछ ।

सिरिट (२०११) का अनुसार यस पद्धतिअनुसार कक्षा सञ्चालन हुँदा विभिन्न पक्षहरूको सक्रिय सहभागिता रहन्छ । विद्यार्थीलाई आफ्नो परिवार, समुदाय, भाषा, संस्कृति, परम्परा आदिको पनि ज्ञान प्रदान गरिने भएकाले यी ज्ञानका स्रोतहरू समुदायबाट खोजी गरी प्रयोग गरिन्छ । यसका लागि समुदायको सहभागिता आवश्यक पर्दछ । शिक्षणसिकाइ क्रियाकलापमा शिक्षक मार्गदर्शकका रूपमा मात्र रहेर कक्षामा सिकारुलाई सक्रिय सहभागितात्मक क्रियाकलाप गराउनुपर्दछ । विद्यार्थीहरूलाई सामाजिक संस्कार र संस्कृतिको ज्ञान दिदै अभिभावकहरूलाई समेत शिक्षणसिकाइ प्रक्रियामा सक्रिय सहभागिता गराएर सामूहिक सहभागितामा जोड दिनु बहुकक्षा बहुस्तर शिक्षणसिकाइको आधार हो ।

### सैद्धान्तिक आधार

ब्रिच र लली ( सन् १९९५) का अनुसार बहुकक्षा बहुस्तर सिकाइ पद्धतिका निम्नानुसार सैद्धान्तिक आधारहरू रहेका छन् ।

#### ***बालकेन्द्रित शिक्षणसिकाइ सिद्धान्त***

बालकेन्द्रित शिक्षणसिकाइमा बालकको क्षमता, रुचि, स्तर आदिलाई ख्याल गरेर शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन हुने हुँदा यसमा बालक स्वयम्ले ज्ञानको निर्माण गरे जस्तै आफैँले ज्ञानको सिर्जना गर्न बढी भूमिका खेल्ने गर्दछन् । बहुकक्षा बहुस्तरको शिक्षणसिकाइ प्रक्रियामा हरेक विद्यार्थीको स्तर पहिचान गरेर उसको स्तरसँग मेल खाने गरी व्यक्तिगत रूपमा सिक्ने सामग्री र सहयोग उपलब्ध गराइन्छ । विद्यार्थीले आफ्नो पूर्वज्ञानको स्तरअनुसारको गतिमा क्रियाकलापहरू गर्ने अवसर पाउँनका साथै सिकाइ प्रक्रिया

सञ्चालनका क्रममा शिक्षक तथा साथीहरूबाट आवश्यक सहयोगसमेत पाउन सक्छ । बहुकक्षा बहुस्तर पद्धतिमा व्यक्तिगत सिकाइलाई केन्द्रमा राखेर सहयोग गर्ने परिपाटी रहेने हुदा बालकेन्द्रित शिक्षणसिकाइ तरिकाका अधिकांश पक्षहरू यसमा उपयोग गर्ने गरिन्छ ।

***योजनावद्ध शिक्षणसिकाइ***

बहुकक्षा बहुस्तर शिक्षणसिकाइमा शिक्षकको अहम् भूमिका रहन्छ । कक्षाकोठाको अवस्था, विद्यार्थी सङ्ख्या, स्थानीय वातावरण, विद्यार्थीहरूमा रहेका सबै किसिमका विविधताहरूलाई केन्द्रमा राखेर शिक्षणसिकाइका क्रियाकलापहरू निर्माण तथा परिमार्जन गर्नुपर्ने हुन्छ । शिक्षकमा आवश्यकताअनुसार विभिन्न सिकाइ समग्रीहरूको ढाँचा निर्माण गर्ने सिर्जनशील सीप चाहिन्छ । सक्रिय रूपमा लागि परेर शिक्षण योजना र सामग्री तयार गर्नुपर्छ । त्यसैले बहुकक्षा बहुस्तर शिक्षण योजनावद्ध सिकाइमा आधारित सिकाइ पद्धति हो । विनायोजना र तयारी यो पद्धतिको सञ्चालन असम्भव प्रायः हन्छ अर्थात् सामग्रीयुक्त र अर्थपूर्ण सिकाइ सिद्धान्तका पक्षहरू यसले अङ्गीकार गरेको हुन्छ ।

***गरेर सिक्ने सिद्धान्त***

शिक्षकले शिक्षणसिकाइ वातावरणको विकास र आवश्यकता अनुसार सहजीकरण गर्दछ । शिक्षकले तय गरेको वातावरणभित्र रहेर तोकिएको कार्य सिकारु आफैंले सम्पन्न गरी त्यसको नतिजाबाट प्राप्त गर्ने विषयवस्तु, तथ्य वा सूचनाहरूबाट सिकाइ गर्दछन् । यसरी गरिने सिकाइ अर्थपूर्ण हुनुका साथै विद्यार्थीहरूले आफ्ना ज्ञानेन्द्रियहरू (आँखा, छाला, नाक आदि) को उपयोग गर्ने भएकाले सिकाइ स्थायी हुन जान्छ । विभिन्न परियोजना कार्य, सर्वेक्षण, सामुदायिक कार्य, समूह कार्य, खेल, नाटक, गीत, कविता आदि विधाका माध्यमबाट सिकाइ हुने हुँदा यसले गरेर सिक्ने सिद्धान्तका अवयवहरूलाई पछ्याएको देखिन्छ ।

***सक्रिय सिकाइ***

बहुकक्षा बहुस्तरका लागि तयार भएका धेरैजसो क्रियाकलापहरू विद्यार्थीहरू आफैँले व्यक्तिगत वा सानो समूहमा रहेर सम्पन्न गर्ने खालका हुन्छन् । यसमा गरिने शिक्षणसिकाइ क्रियाकलापहरूमा शिक्षकको सामान्य निर्देशन र सहजीकरण मात्र प्राप्त हुन्छ भने विद्यार्थीहरू चाहिँ आफैं सक्रियताका साथ लागी परेर शिक्षण कार्यमा संलग्न हुने वातावरण निर्माण गरिने हुँदा अधिकांश क्रियाकलापहरू सक्रिय सिकाइमा आधारित हुन्छन् ।

***समस्या समाधान उपागमको बाहुल्य***

बहुकक्षा बहुस्तर शिक्षणसिकाइ पद्धतिमा प्रयोग गरिने सिकाइ कार्डहरूमा समस्याहरू उल्लेख भएका हुन्छन् । यस्ता कार्डहरूमा उल्लेख भएका समस्याहरू विद्यार्थीले व्यक्तिगत, जोडी वा सानो समूह कार्यबाट

समाधान गर्नुपर्ने हुन्छ। शिक्षकको पूर्ण, आंशिक वा विनासहयोगमा समाधान गर्न सकिने समस्याहरू समाधान गर्न दिइन्छ। विद्यार्थीले त्यस्ता समस्याहरूको समाधान गर्ने बानीको विकास गरी आफूमा समस्या समाधान गर्ने क्षमताको समेत विकास गर्दछन् । यसले जीवनमा अन्य परिवेशका समस्या समाधान गर्नमा समेत सहयोग पुग्दछ । त्यसै कारण यो बहुकक्षा बहुस्तर पद्धति समस्या समाधान उपागमका पक्षहरूलाई समेत समेटेर तयार पारिएको छ ।

***सहयोगात्मक सिकाइको बाहुल्य***

सामाजिकीकरण, एक आपसी भाइचारा जस्ता सीपको विकासका लागि शिक्षणसिकाइमा सहयोगात्मक विधिको उपयोग गर्ने गरिन्छ । शिक्षक विद्यार्थी, विद्यार्थी विद्यार्थीबिच सहकार्यबाट मात्र सिकाइका विषयवस्तुहरू प्रसार हुने भएकाले यस पद्धतिमा प्रयोग गरिएका धेरैजसो प्रक्रियाहरूले सहयोगात्मक सिकाइ सिद्धान्तका पक्षहरूलाई अँगालेको देखिन्छ। बहुकक्षा बहुस्तर सिकाइमा व्यक्तिगत, जोडी वा सामूहिक रूपमा शिक्षणसिकाइमा अभ्यास गर्ने गराइन्छ । यसरी व्यक्तिगत, सामूहिक वा जोडीमा गरिने क्रियाकलापहरूका लागि आपसी सहयोगको वातावरण कायम गर्न सकेमा मात्र सिकाइ सम्पन्न हुने गरी क्रियाकलाप कार्डहरू तयार पारिएका हुन्छन् ।

***प्रतिबिम्ब शिक्षणसिकाइ प्रक्रिया***

पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरूलाई आधार मानेर माइलस्टोनहरू तयार भएका हुन्छन् । सोही आधारमा क्रियाकलापका कार्डहरू तयार भएका हुन्छन् । ती कार्डहरूको आधारमा क्रियाकलापहरू सिकारुले सोही रूपमा सम्पादन गर्दछन् । क्रियाकलापका लागि आवश्यक थप सामग्रीहरू विद्यार्थी स्वयम् तथा शिक्षकको सहयोगमा उपलब्ध भएपछि,गरिने शिक्षणसिकाइ प्रक्रिया शिक्षकको शिक्षण योजनाका आधारमा हुने गर्दछ। यसमा सम्पादित हुने कार्यको नियमित रूपमा मूल्याङ्कन गर्ने व्यवस्था समेत गरिएको हुन्छ । सिकाइको उपलब्धिलाई तत्काल मापन गर्ने उद्देश्यले अभ्यास कार्ड, मूल्याङ्कन कार्ड लगायतका सामग्रीको विकास गरिएको हुन्छ जसले सिकारुलाई आत्मप्रतिबिम्बन गर्ने अवसर प्राप्त हुने अवस्था समेत सिर्जना गरिने हुँदा यो सिकाइ प्रतिबिम्बन सिकाइ सिद्धान्तमा आधारित छ ।

***क्रमिक विकास***

यस सिकाइ पद्धतिमा क्रमशः सिकाइका विभिन्न चरणहरू पार गर्दै सिकाइ हुने हुनाले विद्यार्थीको क्रमिक विकास हुन्छ। शिक्षकले हरेक दिन हरेक विद्यार्थीको सिकाइको गति मापन गरेर आवश्यकता अनुसार क्रियाकलापहरू सञ्चालन गर्दछन् । साथै क्रियाकलापहरूलाई परिस्थिति अनुरूप परिमार्जन गर्ने गर्दछन् । आफूले शिक्षण सिकाइमा तय गरेका र प्रयोग गरेका तौरतरिका कतिको प्रभावकारी रहे भन्ने कुरा हरेक

पटक गरिने विद्यार्थीहरूको स्तराङ्कनले देखाउने गर्दछ । यसबाट शिक्षण सिकाइ कौशलमा भएका प्रभाव, सबल तथा सुधार गरिनुपर्ने पक्षका बारेमा सहजै अनुमान गर्न सकिने स्थिति पैदा हुन्छ । विद्यार्थीहरूले आफ्नो गतिअनुसार सिकाइमा सहभागिता जनाउँदै जाँदा अरू साथीहरू र आफ्नो सिकाइस्तरबिचको सम्बन्ध अध्ययन गर्ने र आफ्नो सिकाइको गति बढाइ अझ अघि बढ्ने प्रेरणा प्राप्त हुन्छ । विद्यार्थीले क्रमैसँग सबै सिकाइ सिँढी पूरा गर्नुपर्ने हुनाले क्रमिक सिकाइ सिद्धान्तलाई यस पद्धतिमा आत्मसात् गरिएको छ ।

***निर्माणात्मक सिकाइ***

बहुकक्षा बहुस्तर शिक्षण पद्धति निर्माणात्मक सिकाइमा आधारित छ । विद्यार्थीले बाहिरी वातावरणबाट प्राप्त सूचनालाई आफ्नो पूर्वज्ञानसँग जोडेर नयाँ ज्ञानको निर्माण गर्ने अवसर प्राप्त गर्दछन् । यसका लागि फ्लिपचार्टमा छलफल गराउने, परियोजना कार्य गराउने जस्ता क्रियाकलापहरू गराइन्छ । हरेक सिकाइ सिँढी पूरा गर्न तोकिएको माइलस्टोनका लागि विविध क्रियाकलापहरूको शृङ्खला तयार पारिएका हुन्छन् । यी क्रियाकलापहरू विद्यार्थीहरूले शिक्षकको सहयोग लिई वा स्वतन्त्र रूपमा पूरा गरेर मात्र सिकाइमा अगाडि जाने हुँदा यो पद्धति निर्माणात्मक सिकाइ सिद्धान्तमा आधारित छ ।

***समावेशी सिकाइ***

यो बहुकक्षा बहुस्तर शिक्षणसिकाइ प्रक्रियामा सबै विद्यार्थीहरूलाई समान सिकाइको अवसर प्राप्त हुने हुनाले यस पद्धतिमा विद्यार्थीहरूबिच भेदभाव हुन पाउँदैन । सिकाइ क्षमता तीव्र, मध्यम र सुस्त भएका विद्यार्थीहरूले पनि आआफ्नो क्षमताअनुसार व्यक्तिगत रूपमा, शिक्षकको सहयोग आवश्यकता अनुसार व्यक्तिगत रूपमा पाउने गर्दछन् । त्यसैले सिकाइको सबै अवसर छिटो र ढिलो सिक्ने विद्यार्थीहरूलाई उत्तिकै रूपमा हुन्छ । शिक्षकले छिटो सिक्ने विद्यार्थीलाई भन्दा ढिलो सिक्ने विद्यार्थीहरूलाई क्रमशः बढी समय र सहयोग गर्ने हुँदा शिक्षणसिकाइमा समावेशिताको स्थिति स्पष्ट रूपमा देख्न सकिन्छ ।

***संस्कृतिकेन्द्रित सिकाइ***

समाजले स्थापित गरेका मूल्य मान्यताहरूका बारेमा विद्यार्थीहरूलाई जानकारी दिने र त्यसमा घुलमिल हुन प्रोत्साहित गर्ने गरी क्रियाकलाप तयार पारिएको हुन्छ । विद्यार्थीले त्यसको अभ्यासबाट आफ्ना राम्रा संस्कृति र संस्कारको बारेमा आफ्नो समुदाय, परिवार र शिक्षकबाट सिक्ने अवसर यस पद्धतिमा प्राप्त गर्दछन् । विविध सांस्कृतिक परिवेशबाट आएका विद्यार्थीहरूलाई उनीहरूको भिन्न संस्कार र संस्कृतिबिच समन्वय गरेर आपसमा हातेमालो गर्दै सिक्ने सिकाउने वातावरणसमेत प्राप्त हुने भएकाले यो बहुकक्षा बहुस्तर शिक्षणसिकाइ पद्धतिले सन्तुलित रूपमा संस्कृतिकेन्द्रित वातावरण दिन सक्दछ ।

***भयरहित एवम् रोचक सिकाइ***

यस पद्धतिमा विद्यार्थीहरूलाई आफूले नजानेका कारण शिक्षकले गाली गर्ने भन्ने मानसिक चिन्ताबाट मुक्ति मिल्दछ । ढिलो सिक्ने र चाँडो सिक्ने सबै विद्यार्थीलाई शिक्षकले सिक्नका लागि सहयोग गर्दै रहेका हुन्छन् । शिक्षणसिकाइमा धेरै थरीका क्रियाकलापहरू उपयोग गरिने भएकाले सिकाइ निरस हुन पाउँदैन । एक्लै वा साना समूहमा रहेर काम गर्ने अवसर हुने भएकाले विद्यार्थीहरू अधिकांश समय सक्रियताका साथ लागिपरिरहने वातावरण रहेको हुन्छ । अतः यो बहुकक्षा बहुस्तर सिकाइमा रोचकता रहन्छ ।

***निदानात्मक सिकाइ***

बहुकक्षा बहुस्तर शिक्षण पद्धतिमा विद्यार्थीहरूका कमी कमजोरीहरूको व्यक्तिगत रूपमा हरेक दिन पहिचान गर्नुपर्दछ । उनीहरूका कमी कमजोरीलाई आधार मानेर उसको समस्या समाधान गरेर मात्र अर्को क्रियाकलापमा संलग्न गराइने हुँदा यसले निदानात्मक सिकाइ पद्धतिलाई अँगालेको देखिन्छ । प्रत्येक पाठमा निरन्तर मूल्याङ्कन र आवधिक मूल्याङ्कनका माध्यमबाट समेत विद्यार्थीका कमी कमजोरी पत्ता लगाई सहजीकरण गर्दै सिकाइ सिँढी पूरा गर्दै लगिने हुँदा निदानात्मक सिकाइ सिद्धान्तको प्रयोग हुन्छ ।

***बहुबौद्धिकताको सिद्धान्तको प्रयोग***

बहुकक्षा बहुस्तर शिक्षणसिकाइ पद्धतिमा विद्यार्थीका भाषिक, तार्किक, प्राकृतिक, अन्तरवैयक्तिक, शारीरिक एवम् साङ्गीतिक प्रतिभाहरूको प्रस्फुटन हुने गरी विभिन्न प्रकारका क्रियाकलापहरू सञ्चालन गर्ने गरी सिकाइ कार्डहरू तयार पारिएको हुन्छ । त्यसैले प्रत्येक विद्यार्थीको आफ्नो प्रतिभा विकास गर्ने र प्रस्तुत गर्ने अवसर प्रदान गरिएको हुदा यस पद्धतिले बहुबौद्धिकताको सिद्धान्तलाई पनि अँगालेको देखिन्छ ।

**विद्यालयमा बहुकक्षा बहुस्तर शिक्षणको व्यवस्थापन**

कक्षाकोठालाई विद्यार्थीहरूको शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने महत्त्वपूर्ण स्थलको रूपमा लिइन्छ । विद्यार्थीहरूको समयलाई हेर्ने हो भने लगभग आधा समय कक्षाकोठामा नै बिताउनुपर्दछ । यही कक्षाकोठाभित्र दिइएका ज्ञान, सीप र संस्कारले विद्यार्थीको भविष्य निर्माणमा सहयोग पुऱ्याइरहेको हुन्छ । सोही ज्ञान, सीप र संस्कार नै उक्त बालकको भविष्यका लागि मार्गदर्शक हुन जान्छ । तसर्थ विद्यार्थीहरूलाई सिक्ने र सिकाउने थलोका रूपमा कक्षाकोठालाई सिकाइको उपयुक्त वातावरण तयार गरी शिक्षण सिकाइ गर्न आवश्यक छ । बहुकक्षा बहुस्तर शिक्षण सिकाइ पद्धतिका लागि कक्षाकोठाको व्यवस्थापन अन्तर्गत तल उल्लेख गरिएका पक्षहरू पर्दछन् :

***कक्षाकोठा***

परम्परागत शिक्षणसिकाइ भन्दा बहुकक्षा बहुस्तर शिक्षणसिकाइ पद्धतिबाट कक्षा सञ्चालनका लागि कक्षाकोठा छनौट गर्दा केही कुरामा ध्यान पुऱ्याउनुपर्ने हुन्छ । कक्षाकोठा छनौट गर्दा विद्यालयमा भएका सबै कक्षाकोठाहरूको अवस्था अध्ययन गरी तिनीहरूमध्ये सबैभन्दा ठूलो र फराकिलो कोठालाई बहुकक्षा बहुस्तर शिक्षणसिकाइ गर्नको लागि छनौट गर्नुपर्दछ । छनौट गरिने कक्षाकोठामा कति जना विद्यार्थी अध्ययन गर्न सक्छन् सो कुराको अनुमान गर्नुपर्दछ । सो छनौट गरिएको कक्षाकोठाको अवस्था कस्तो छ, जीर्ण छ कि, सामान्य मर्मतले पुग्छ, सो पनि अध्ययन गर्नुपर्दछ । छनौट गरिएको कक्षाकोठाप्रति सरोकारवालाहरूसँग पनि सल्लाह गरेर विद्यालय परिवार सबैलाई उपयुक्त लागेको कक्षाकोठामा बहुकक्षा बहुस्तर शिक्षणसिकाइ गराउँदा प्रभावकारी रूपमा सिकाइ हुनसक्ने हुनाले सो कक्षाकोठालाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने योजना बनाउनु पर्दछ ।

***फर्निचर***

गुणस्तरीय शिक्षणसिकाइ प्रक्रिया सञ्चालन गर्नका लागि कक्षाकोठामा प्रयोग गरिने फर्निचरले महत्त्वपूर्ण भूमिका खेल्दछ । रव (सन् २०१६) का अनुसार बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिअनुसार कक्षा सञ्चालन गर्ने कक्षाकोठामा प्रयोग गरिने फर्निचर र ती फर्निचरका आकारप्रकारहरू तल चर्चा गरिएको छ ।

**ऱ्याक निर्माण**

बहुकक्षा बहुस्तर शिक्षण सिकाइका लागि कक्षाकोठा व्यवस्थापनअन्तर्गत ऱ्याकको निर्माण गर्नुपर्दछ । हामीले छनौट गरेको कक्षाकोठाको लम्बाइ र चौडाइ कति छ नाप लिनुपर्दछ । सामग्री व्यवस्थापन गर्ने ऱ्याकलाई कक्षाकोठाको चौडाइतर्फको भागमा व्यवस्थापन गर्नु राम्रो हुन्छ । विद्यालयको परिवेश अनुसार प्लाइउड, फल्याक एवम् सिमेन्ट ढलान गरेर ऱ्याक निर्माण गर्न सकिन्छ । कक्षाकोठा फराकिलो भएमा मात्र सिमेन्ट ढलान गरेको ऱ्याक निर्माण गर्नु राम्रो हुन्छ । ऱ्याकको आकाररप्रकार यस्तै बनाउनुपर्छ भन्ने नभए पनि सामान्यतया ऱ्याकमा धेरै किटबक्स अटाउने गरी निर्माण गर्नुपर्दछ । ऱ्याकको माथिल्लो भागको कोठामा रेकर्ड फाइल ठड्याएर राख्न मिल्नेगरी बनाउनुपर्दछ । ऱ्याकको लम्बाइतर्फ कक्षाकोठाको चौडाइको भाग सबैलाई ढाक्ने गरी निर्माण गर्नु उचित हुन्छ । निर्माण गरिने ऱ्याकको गहिराइ एक फुट वा १० इन्च साथै उचाइ ५ फिट राख्नु उचित हुन्छ ।

**टेबुल निर्माण**

सामान्यतया बहुकक्षा बहुस्तर शिक्षणसिकाइ विधिअनुकूलको कक्षाकोठामा विद्यार्थीहरू बस्नका लागि कार्पेटिङ वा चकटीका साथै ४ ओटा टेबलको आवश्यकता पर्दछ । टेबुल लम्बाइ ३.५ फिट चौडाइ ३.५ फिट

र उचाइ १० इन्चको हुनुपर्दछ ।टेबुललाई चारकुने वा गोलो र आफ्नो कक्षाकोठामा सहज र सुन्दर हुने किसिमले निर्माण गर्नुपर्दछ । यदि टेबुल चारकुने बनाउने हो भने चार कुनालाई केही मोड्नु उत्तम हुन्छ ।

***बसाइ व्यवस्था***

विद्यार्थीहरूको बसाइ व्यवस्थापनले गुणस्तरीय शिक्षणसिकाइमा प्रभाव पारिरहेको हुन्छ । परम्परागत शिक्षणसिकाइ पद्धति र बहुकक्षा बहुस्तर शिक्षणविधि अनुसार कक्षाकोठामा बसाइ प्रक्रियामा धेरै अन्तर छ । बहुकक्षा बहुस्तर पद्धतिमा भने फरक तरिकाले बसाइलाई व्यवस्थित गर्नुपर्दछ । यस पद्धतिमा विद्यार्थीहरूको बसाइ कार्पेटिङ गरिएको भुइँमा हुने हुँदा विद्यालयका कक्षाकोठाको अवस्था हेरी धुलो उड्ने वातावरण भएमा कोठाको भुइँलाई समय समयमा लिपपोत गर्ने वातावरण बनाउनुपर्दछ । सिमेन्ट लगाएको ढलान गरेको अवस्था छ भने भुइँलाई फ्लोरिङ अथवा काठ, फल्याक वा प्लाइ बिच्छ्याएर धुलो र चिसो माथि नआउने वातावरण तयार गर्नुपर्दछ ।

***किट बक्सको प्रयोग***

कक्षाकोठाको व्यवस्थापनमा किटबक्स पनि एउटा अत्यावश्यक सामग्री हो । सर्वप्रथम विषयगत रूपमा प्रयोग गरिने लोगोहरू नेपाली विषयको लागि जनावरहरू, गणित विषयका लागि चराचुरूङ्गीहरू, अङ्ग्रेजी विषयको लागि फलफूलहरू र सामाजिक विज्ञानका लागि किरा फट्याङ्राका लोगोहरू विषयगत रूपमा अलग अलग कटिङ गरी एउटा बक्समा एउटा लोगो टाँस्नुपर्दछ । बक्समा जुन लोगो टाँसिएको छ सो बक्समा सिकाइ कार्डहरू राख्नुपर्दछ ।

***कालोपाटी व्यवस्थापन***

विद्यार्थीहरूका लागि कालोपाटी व्यवस्थापन गर्नुभन्दा पहिले सो कक्षाकोठामा रहने विद्यार्थी सङ्ख्या यकिन गर्नुपर्दछ । बहुकक्षा बहुस्तर शिक्षणसिकाइका लागि छनौट गरिएको कोठाको भुइँको सतहबाट झ्यालको तलको भाग सबै कालोपाटी बनाउने योजना गर्नुपर्दछ । छनौट गरेको ठाउँमा सिमेन्ट प्लास्टर गरी सिमेन्टले पनिङ गरी कालोपाटी तयार गर्नुपर्दछ । यदि सिमेन्टको बनाउन सम्भावना भएन भने प्लाइ राखेर भने पनि कालोपाटीको व्यवस्थापन गर्न सकिन्छ । सामान्यतया कालोपाटी तयारीका लागि कालो रङ पेन्ट गर्ने प्रचलन छ । पेन्ट दुई पटक गर्‍यो भने कालोपाटी चम्किलो देखिन्छ । नापबाट प्राप्त फिटलाई विद्यार्थी सङ्ख्याले भाग गर्दा जति फिट आउँदछ, त्यति ठाउँ एक जनाका लागि कालोपाटी हुनेछ ।

***प्रदर्शनी पाटी***

प्रदर्शन पाटी कक्षाकोठाभित्रको महत्त्वपूर्ण अर्को पक्ष हो । विद्यार्थीले सिर्जना गरेका तथा विद्यार्थीहरूलाई सिकाउन शिक्षक निर्मित क्राफ्टहरूलाई देखाउन प्रदर्शनीपाटीको व्यवस्था मिलाउनुपर्छ ।

यो पाटीमा विषयगत सिकाइका क्राफ्टसामग्री, मूल्याङ्कनका चार्टहरू समेत प्रदर्शन गराइनुपर्छ । यसको आकारप्रकार भने कक्षाकोठाको आकार अनुसार लम्बाइ ३.५ फिट र चौडाइ २.५ फिटसम्मको बनाउन सकिन्छ ।

***ह्याङ्गिङको व्यवस्था***

कक्षाकोठामा तयार राखिएका ह्याङ्गिङले शिक्षण कला कौशललाई पूर्णता दिन सहयोग पुऱ्याउनुका साथै कक्षाकोठालाई सुन्दर बनाउँदछ। कक्षामा पर्याप्त सामग्रीको व्यवस्थापन एवम् प्रयोगले मात्र विद्यार्थीको सिकाइमा सहजता ल्याउँछ । विद्यार्थीहरू कस्ता खालका चित्र, पोस्टर, पुतलीहरूले खुसी हुन्छन् भन्ने कुराको विचार गर्दै पाठ्यक्रमले तोकेको शिक्षणसिकाइ पूरा गराउन कस्ता खालका सामग्रीहरू चाहिन्छन् सो समेत विचार गरी कक्षाकोठाको सिलिङमा एकएक फुटको अन्तर हुने गरी ढलानको बेन्डिङ तार वा मोटो धागोले बाँधेर एक किसिमको वर्गाकार जाली जस्तो बनाउने अनि सोही वर्गाकार तार वा धागोको जालीमा आफूले तयार गरेका वा सङ्कलन गरेका चित्रहरूलाई पञ्चिङ्ले प्वाल पारी कक्षाकोठाको उचाइ अनुसार वा शिक्षक उभिँदा टाउकामा नछुने गरी झुन्ड्याउनुपर्दछ। साथै कुनै कामको सिलसिलामा बाहिर जाँदा त्यहाँ तपाईंलाई नयाँ लाग्ने वा परम्परागत लोप हुन लागेका वस्तुहरूलाई सङ्कलन गरी ह्याङ्गिङमा राख्ने गर्नुपर्दछ।यसरी गरिएको ह्याङ्गिङले विद्यार्थीमा खोजी गर्ने, वर्गीकरण गर्ने, टिपोट गर्ने आदि धेरै सीप विकास गराउन सहयोग हुन्छ ।

***सिकाइ अभिलेख व्यवस्थापन***

विद्यार्थीहरूको पठनपाठनको क्रममा उनीहरूको सिकाइ गतिलाई व्यवस्थित बनाउन अभिलेखीकरण कार्य अति महत्त्वपूर्ण छ । बालबालिकाको सिकाइसम्बन्धी लिखित अभिलेखले नै उनीहरूले प्राप्त गरेका उपलब्धि र उनीहरूको समस्या पत्ता लगाउन सकिन्छ। ती अभिलेखका साधनहरू कक्षा सञ्चालन हुनुभन्दा पहिले नै आफ्नो विद्यालयमा तयारी अवस्थामा राख्नुपर्दछ। ती अभिलेखका लागि आवश्यक सामग्रीहरूमा दैनिक सिकाइ अभिलेख फाराम, अनुमानित सिकाइ दिन फारम, निरन्तर विद्यार्थी मूल्याङ्कन रेजा फाराम, पोर्टफोलियो, मेरोकाम अभिलेख फारम, सिकाइ बारग्राफ आदि पर्दछन् ।

**निष्कर्ष**

बहुकक्षा बहुस्तर शिक्षणसिकाइ पद्धति शिक्षणका क्षेत्रमा आएको नयाँ अवधारणा हो । यस पद्धतिलाई अवलम्बन गर्दा सिकारु सक्रिय हुने भएकाले अहिले विश्वमा आएको शिक्षणसिकाइ प्रवृत्तिअनुसार गरेर सिक्ने मान्यतालाई अँगालिने भएकाले यसलाई सफल पद्धतिका रूपमा संसारभर अवलम्वन गर्न थालिएको छ । यसको सफलताका कारण विश्वका धेरै देशले यसलाई अँगाल्न सुरू गरेका छन् । हाम्रो देशका ग्रामीण

इलाकामा पातलो बस्ती भएकाले आधारभूत सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या थोरै देखिन्छ । विद्यालयमा गएका थोरै विद्यार्थीहरू पनि फरक फरक क्षमता र स्तरका हुन्छन् । राष्ट्रले विद्यालय शिक्षामा आवश्यक मात्रामा लगानी गरी विषयगत एवम् कक्षागत रूपमा पर्याप्त शिक्षकहरू आपूर्ति गर्न सक्ने अवस्था पनि देखिँदैन । यसर्थ भारतको आन्ध्रप्रदेशमा कृष्णमूर्ति फाउन्डेसनले सञ्चालन गरेको ऋषिभ्याली इन्टिच्यूट अफ एजुकेसनल रिसोर्सको सहकार्यमा यो पद्धति नेपालको विष्णु अध्यात्मिक संस्कृत प्राथमिक विद्यालय बाह्रबिसेबाट परीक्षणका रूपमा सुरू भएको थियो । नेपालमा यो पद्धतिको नतिजा राम्रो देखिएबाट यसलाई विस्तार गर्दै लानुपर्ने आजको हाम्रो आवश्यकता भएको छ । नेपालमा यो पद्धतिलाई सही रूपमा अँगाल्न सकियो भने यसले सबैका लागि शिक्षा भन्ने सहस्राब्दी लक्ष प्राप्त गर्न सहज बनाउने देखिन्छ ।

**सन्दर्भ सूची**

खनाल, पेशल (२०६०). *शैक्षिक अनुसन्धान पद्धति.* काठमाडौं : स्टुडेन्ट बुक्स पब्लिशर्स एन्ड डिस्ट्रिब्युटर्स ।

थापा, नरप्रसाद र गुरागाईं, देव कुमारी. (२०६३). *प्राथमिक शिक्षकको गाइड.* काठमाडौं : बौद्धिक संसार प्रकाशन तथा परामर्श सेवा प्रा.लि. ।

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०७३). *विद्यालय क्षेत्र विकास योजना (वि. स. २०७३ र ०७४ - २०७९ र २०८०)* ।

नेपाल सरकार, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७२). *नेपाल अधिराज्यको संविधान* काठमाडौं : नेपाल सरकार, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय ।

शर्मा, गोपीनाथ. (२०६२). *नेपालको शिक्षाको इतिहास (भाग-१).* (दोस्रो संस्क.). काठमाडौं : मकालु प्रकाशन ।

शिक्षा मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७९), *शैक्षिक सूचकाङ्क,* काठमाडौं : शिक्षा मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

शिक्षा विभाग (सन् २००३). *सबैका लागि शिक्षा (२००४-२००९) मुख्य दस्तावेज.* भक्तपुर : शिक्षा विभाग ।

शैक्षिक जनशक्ति विकास केन्द्र. (२०६६). *खुला विद्यालय सञ्चालनसम्बन्धी कार्यान्वयन पुस्तिका.* भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

श्रेष्ठ, चन्द्रबहादुर, वस्नेत, महेन्द्र, र जि. सि., कृष्णबहादुर (२०७५). *कक्षाकोठामा शिक्षण.* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

सिंह, गणेशबहादुर (२०७८). *कक्षा शिक्षण.* काठमाडौं : जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ् हाउस प्रा.लि. ।

क्षेत्री, देवबहादुर (२०७५). *कक्षा शिक्षण.* काठमाडौं : सनलाइट पब्लिकेसन ।

Brich, I., & Lally, M. (1995). *Multigrade teaching in primary school*. Bankok: UNESCO Principal Regional office for Asia & the pacific.

Gaur, A. K. (2011). J. Krishanmurti' s thoughts concerning education, *Journal of Indian Education, XXVI*(1), 121-131.

Rao, P. (2009). *A Report on Review of MGML Porgramme in Chhattisgarh* (20-25 October, 2009). Unpublished report.

Rao, P. (2016). *MGML Methodologies. International discourses dissemination of multi-grade multi-level (MGML) methodologies*, 15 to 20 February 2016, Rajasthan & Madras.

Sarangapani, P. M., & Mehendale. A. (2013). *Multi-grade Multilevel (MGML) Programme in Chhattisgarh: An Evaluation. Mumbai India: School of Education*. Tata Institute of Social Sciences.

SCERT (2011). *MGML Srujan: Bahukaksha evam bahusthariya shikshan shikshak hast-pustika*. Chhattisgarh: Author.